# उद्भ्रममा रहेको सन् २०१५ पछिको शिक्षा

**डा. भोजराज काफ्ले**
उपसचिव, शिक्षा मन्त्रालय

**लेख सार**

**चार वर्ष विद्यालयमा बिताइसकेका बालबालिकाले एउटा वाक्य शुद्धसँग पढ्न नसकेको र त्यस्ता धेरै जसो बालबालिका कमजोर आर्थिक अवस्था भएका घरपरिवाका छन्। यो वास्तविकता एकातर्फ छ भने अर्कोतर्फ शिक्षाका बृहत्तर योजनाहरूको प्रक्षेपित वर्ष सन् २०१५ मा समाप्त हुँदैछ। त्यसपछि के हुने भन्ने विषय यस विषय क्षेत्रमा प्रमुख चर्चाको विषय हुन पुगेको छ। सूचना तथा सञ्चार (Information and Communication Technology- ICT) ले विकास गरेको औपचारिकभन्दा अनौपचारिक विश्वको परिवेशले अझ बढी चिन्तित गराउन पर्ने अवस्था छ। यही उद्भ्रम (दिमाग चक्कराउने काम) लेखको विषय वस्तु बनेको छ। २०१५ पछि नेपालमा शिक्षा कस्तो हुन पर्ला भनी जिज्ञासा राख्ने पाठकका लागि केही सूचना देला भन्ने लेखको आशय हो। बदलिदो परिवेशमा शिक्षा ज्ञान आर्जनको विषय मात्र नभएर अर्थ शास्त्रको विषय भई सकेको कुराको चर्चा यसमा छ। मूल रूपमा गम्ने विज्ञको धारण, समसामयिक प्रतिवेदन र हाम्रो वास्तविक्तालाई देखाउने प्रयास यसमा भएको छ। सन् २०१५ पछिको शिक्षाको दृष्टिकोण विश्व नागरिक तयार गर्न र अन्य क्षेत्रको विकासलाई दिगो बनाउन के गर्ने भन्ने कुराको खोजी यसमा भएको छ। अन्त्यमा ५ सुझाव राजनीतिक तहमा अर्थपूर्ण छलफल र प्रतिबद्धता, राष्ट्रिय बजेटको २०% शिक्षा क्षेत्रमा लगानी, व्यवस्थापकीय सुधार, स्थानीय तहमा अपनत्व र शिक्षण सिकाइ प्रक्रियामा सुधार प्रस्तुत गरी सन् २०१५ पछिको शिक्षाको उद्भ्रम (दिमाग चर्काउने काम) मा आफू संलग्न भएको जानकारी दिँदै विट मारिएको छ।**

**विषय प्रवेश**

व्यक्ति, समाज र राष्ट्र तिनै पक्षबाट शिक्षालाई महत्वका साथ हेरिन्छ। व्यक्तिका लागि व्यक्तित्व विकास, प्रतिभा उजागर, भविष्यको तयाीर, पेसाको सुनिश्चितता आदि कारणले महत्व राख्छ। सभ्य समाज विकास र उन्नतिका लागि एवम् मुलुकको सर्वपक्षीय विकासका लागि शिक्षा आवश्यक पर्छ। यो पनि सापेक्षिक छ। समय सन्दर्भअनुसार, समाज परिवर्तन र विश्व परिवेशअनुसार सन् १९९० बाट औपचारिक रूपमा विश्ववयापी मुद्दा बनेको शिक्षाका प्रयासका दुईओटा चरण पुरा भए। पछिल्लो चरण सन् २०१५ मा समाप्त हुँदैछ। त्यसपछि के हुने भन्ने विषय यस विषय क्षेत्रमा प्रमुख चर्चाको विषय हुन पर्ने हो तापनि गोल चक्रमा फसेको छ। नेपालको सन्दर्भमा द्वन्द्वपछिको मुलुकको पुनःसंरचना र व्यवस्थापन, सहस्राव्दी विकासका लक्ष्य र सबैका लागि शिक्षाको प्रक्षेपण वर्ष नजिकै आउनु, विश्वव्यापी विशेष गरी संयुक्त राष्ट्र सङ्घीय (UN) सङ्ख्याबाट भइरहेका प्रयास एवम् सूचना तथा सञ्चार (ICT) ले विकास गरेको औपचारिक भन्दा अनौपचारिक विश्वको परिवेशले अझ बढी चिन्तित गराउन पर्ने अवस्था छ।

- शिक्षामा बाह्य सहायता, घरायसी लगानी र अभिभावकाको खर्च कुनै पनि सुनिश्चित छैन
- शिक्षामा घर परिवारको लगानी कुल शिक्षा खर्चको ५० % भएको अनुमान छ। यसले गरिब परिवारमा शिक्षा आर्जन गर्न किन गारो छ भन्ने कुराको सङ्केत गर्छ।
- अन्तरनिहित क्षमता विकास गर्ने प्रस्फुटन गर्ने हुँदा शिक्षामा लगानी गर्न जरुरी छ। गरिवी घटाउछ, रोजगारी बढाउँछ, महिला सशक्तीकरण गर्छ, दुर्गम सुगम दुरी कम गराउँछ, जातजातिगत भिन्नता साँघुर्‍याउँछ, अपाङ्गताका समस्या सम्बोधन गर्छ।

सन २०१५ पछि कस्तो शिक्षा हुने भन्ने बारमा संसारका धेरै मुलुकले निकै काम गरिसकेका छन्। हाम्रोमा स्पष्ट कार्य दिशा लिन सकेको छैन। व्यक्ति, विज्ञ, संस्थाका आफ्नो आफ्नै तर्क र विचार

होला एकीकृत हुन सकेको छैन । प्रयास कहाँबाट थालनी गर्ने भन्ने कुरा कसैलाई थाहा छैन । शिक्षा मन्त्रालय समेत स्पष्ट देखिँदैन । कसैको तर्क छ शिक्षकमा सुधार गरेपछि सबै हुन्छ । अरू कसैको भनाइ छ, नीतिदेखि कार्यान्वयनसम्म सबै पक्षमा उत्तिकै सुधार आवश्यक छ । पाठ्यक्रम, मूल्याङ्कन, परीक्षा, सुशासन आदि । यही उद्भ्रम (दिमाग चक्कराउने काम) लेखको विषय वस्तु हो । २०१५ पछि नेपालमा शिक्षा कस्तो हुन पर्ला भने पङ्तिकारले प्रयास गर्दा घनचक्रमा फसेका र दिमागमा उब्जिएका कुरा यसमा छन् ।

- कृषिमा उत्पादकत्व बढाउन, व्यापारमा नाफा बढी गराउने, व्यापारको परिणाम र गुणस्तर बढाउन शिक्षाले महत्त्वपूर्ण योगदान गरेको हुन्छ ।
- शिक्षित व्यक्तिले करार गरेर काम गर्छ (रोजगार दातासँग) । यसले आर्थिक आर्जन मार्ग स्पष्ट र दिगो हुन्छ ।
- एउटा मुलुकका सबै जनताको शिक्षा आर्जन गर्न एक वर्ष वृद्धि गरेमा औसत प्रति व्यक्ति आयमा २ देखि २.५ प्रतिशतले वृद्धि हुन्छ ।

## विषयवस्तु

"सन् २०१५ पछि विकासको नमूना कस्ता हुने ?" भन्ने विषयमा युनेस्कोले गराएको एउटा अध्ययनले शिक्षालाई विकासको पहिलो प्राथमिकतामा राख्नुपर्छ भन्ने प्रतिवेदन दिएछ । त्यो प्रतिवेदन तयार गर्ने समूहमा शिक्षा क्षेत्रका भन्दा बाहेकका संलग्न भएका रहेछन्, त्यस कुराले पनि अध्ययन प्रतिवेदनका सिफारिस अर्थपूर्ण देखिन आयो । सन २००० मा सहस्राब्दी विकासका लक्ष्य (Millenium Development Goals- MDG) को गन्तव्य वर्ष २०१५ लाई बनाइएको र सो अवधि पूरा हुन नजिकिँदै गर्दा यो प्रतिवेदन वेब (Web) मार्फत सार्वजनिक भएको छ । तल प्रस्तुत गरिएका चार ओटा जति विषय वस्तुको जानकारीले यो विषय शीर्षक हाम्रो (नेपाल) को शैक्षिकमा यतिवेला सान्दर्भिक र महत्त्वपूर्ण छ भन्ने म ठान्दछु :

१. हामी द्वन्द्वपछिको सङ्क्रमणमा छौँ । उत्तरद्वन्द्वात्मक (Post Conflict) युगमा अलमलिएको अवस्था छ । समावेशीकरण र राज्य पुनः संरचना राज्यको विषयमा सर्वाधिक चर्चाको विषय बनेको छ । राज्य निर्माणका क्रममा शिक्षा अभिन्न क्षेत्रको रूपमा व्यवस्थापन हुनुपर्ने कुरामा निर्विवाद छ ।

२. सहस्राब्दी विकासका लक्ष्य जस्तै सबैका लागि शिक्षाको अन्तरराष्ट्रिय अभियान र प्रतिबद्धताको प्रक्षेपित वर्ष सन् २०१५ लाई नै बनाइएको थियो । नेपाल त्यसको पक्ष राष्ट्र हो । सन् २०१५ सम्मको कार्ययोजना र तालिका बनाइ तत्काल, मध्यावधिक र दीर्घकालीन लक्ष्य निर्धारण गरी कार्यक्रम तथा परियोजना सञ्चालन गरिए, अब सन् २०१५ नजिकिँदै छ, त्यसपछि के गर्ने भन्ने विषयमा समयमै पूर्व सक्रिय (Proactive) भई त्यसतर्फ विशेष ध्यान दिन जरुरी छ ।

३. विकासको गति तिव्र पार्ने 'योजना गत' विकासको क्रममा राजनीतिक अस्थिरताका बेला छोटो अवधिको (तिन वर्षे) अलि स्थिर अवस्थामा पाँच वर्षे आवधिक योजनाका आधारमा हामीले विकास लक्ष्य निर्धारण गर्दै अघि बढ्यौँ । सन् २०१५ सम्म राजनीतिले एउटा निश्चित गति लिन सक्ला र राज्य पुनःसंरचनाको स्पष्ट खाका जनतासम्म प्रस्तुत भई सक्ने छ । मुलुकले जनता आफैँले निर्माण गरेको संविधान प्राप्त गर्ने छन् । यी सबै पृष्ठभूमिमा मूलकले दीर्घकालीन योजनाका आधारमा विकास प्रक्रियामा प्रवेश गर्नुपर्ने छ । यसका लागि छलफल र बहस सुरु हुन जरुरी छ ।

४. इतिहास अध्ययनले सन्तति अन्तर (generation gap) र प्रविधिको विकासमा आउदो पुस्ताको प्रभुत्व (domination) स्वभाविक र प्रकृतिक जस्तो लाग्छ । तर विगतको दुई दसकमा सूचना तथा सञ्चार प्रविधिले अप्रत्याशित फड्को मार्‍यो । आउँदो युवा पुस्तासँग पुरानोले प्रतिस्पर्धा गर्न नसक्ने भयो । सन्तति अन्तर (generation gap) ठुलो छ । विश्व ग्रामभन्दा अचम्म लाग्थ्यो अहिले विश्व त कोठामा होइन मुठीमा (मोबाइल फोनमा) सीमित भई सक्यो । यसले शैक्षिक जगतमा सबैभन्दा बढी प्रक्रियामा प्रभाव पार्‍यो । गुरु र शिष्यमा उल्टो जस्तो लाग्ने अवस्था ल्यायो । सूचनामा गुरुभन्दा शिश्य (young generation) जान्ने देखियो । धेरै जान्ने ।

उल्लिखित परिवेश सत्य हो । तथ्यपरक र भोगेको हो । अब यो भोगेको तथ्यपरक अवस्थाबाट भविश्य कसरी बनाउने ? आजबाट बहस छलफल अगाडि बढ्न सके सन् २०१५ सम्ममा एउटा आकार आउला । सन् २०१५ पछि एउटा कार्ययोजना बनाउन सक्न पर्छ । यदि समयमा होस पुऱ्याएर पाको (Mature) गृहकार्य हुन सकेन भने परम्परागत दाताको संरचना (structure) र हाम्रो परम्पराको परम्परागत विस्तार (Extension) मात्र हुन पुग्छ ।

### सुरु कहाँ र कसरी

वैदेशिक मामलाका विज्ञ तथा राजनीतिज्ञ रमेश नाथ पाण्डेको अभिव्यक्ति "मानिसलाई एकअर्कोसँग चुम्बकीय ढङ्गमा जोडेर औपचारिक भन्दा अनौपचारिक विश्व बढी प्रभावकारी भएको" वर्तमान परिवेशमा इतिहासको विकास क्रममा विच्छननता देखिएको, शासकीय पक्षको चरित्र, शैली, पद्धति र मान्यतामा अधिकार लिन आतुर नयाँ पुस्ताको चेतनाको गहिराइ र आकाङ्क्षाको उचाइलाई सम्बोधन गर्न शैक्षिक बहासको थालनी व्यवस्थित र चरणबद्ध रूपमा हुन ढिला गर्न हुँदैन (कान्तिपुर दैनिक, २५ फागुन, २०७०) ।

तर बहसको थालनी कहाँ र कसरी गर्ने ? कसले गर्ने ? जिम्मेवार को ? कुन कुन विषयबाट सुरु गर्ने अथवा स्वतन्त्र विचारलाई व्यवस्थित गर्ने यही कुराको टुङ्गो नलागी बहस अगाडि बढ्दैन । यही कुरा मैले केही साथीहरूसँग गरेको थिएँ । विचार विविध/तर्क आफ्नै आफ्नै, कसेको आफ्नै निश्चित संरचनाकृत वृद्धि छ । अरू कसैको सूचना सङ्कलनका आधारमा धारणा बनेको छ । आफ्नो कुरो अभिव्यक्त गर्न ऊ कुन दर्शन, प्रवृत्ति र व्यवहारको परिवेश र अनुभवको धरातलबाट विकास भएको छ, त्यसैको सेरोफेरोले व्यक्तिको दृष्टिकोण दिँदो रहेछ । यही सन्दर्भमा भनेको कुरा सम्झनाको आधारमा तलको एक दुई अनुच्छेदमा उल्लेख गर्ने पाठकसँग अनुमति चाहन्छु ।

### के गर्ने ?

एक जना हितैसी मित्र जिल्ला शिक्षा अधिकारी हुनुहुन्छ । उहाँको कार्यशैली मलाई मन पर्छ । सधैं क्रियाशील हुनुहुन्छ । पद्धतिको र सुधारको कुरा मसँग भेट हुनासाथ गरिहाल्नुहुन्छ । उहाँको विचारमा शिक्षाको सुधार जिल्ला शिक्षा कार्यालयबाट गरे हुन्छ । हामी हाम्रा नीतिमा धनी छौं । कार्यान्वयन पक्ष कमजोर हो । हाम्रो जस्तो अनुसरणकारी समाज (follower society) समाजमा पुरै तल (bottom) बाट पनि गारो छ । माथिको प्रयास पनि तल विद्यालय र सिकारुसम्म पुग्दैन । तसर्थ जिल्लामा काम गगर्ने जागर, इच्छा र सामर्थ्य भएको व्यक्तिलाई जिम्मेवार गराउँदा सुशासन कायम हुन्छ । स्रोतको उच्चतम उपयोग र उपभोग हुन्छ । बालबालिकाको पठनपाठनमा सुधार हुन्छ । उहाँ भन्नुहुन्छ, पुरस्कार चाहिँदैन तर खराब मानिसलाई पनि दिनु हुँदैन । राम्रो गरिस् भनेर स्यावासी दिए पुग्छ । राम्रो नियतले काम गर्दा प्रक्रिया नपुगेको वा त्रुटि भएकामा क्षमा हुने र नियत खराब राखी नियम सङ्गत तर गलत काम गर्नेलाई सम्बोधन गर्ने उपाय हुनुपर्छ । शैक्षिक सुधार गर्न सकिन्छ । उहाँ भन्नुहुन्छ, दस जना जिल्ला शिक्षा अधिकारी यो मापदण्ड र सूचकका आधारमा उत्कृष्ट ठहरिए अब दस जिल्लाको जिम्मा उहाँहरूको भनी निर्धारण गर्न प्राविधिक रूपमा गारो छैन । निश्चित सूचकका आधारमा तुरुन्तै सकिन्छ । तर हाम्रो र राजनीतिक दलको आचरणमा र संस्कारमा रूपान्तरण चाहिन्छ ।

**शिक्षक विकास र व्यवस्थापन**
- अभाव भए जति पूरा गर्ने
- उत्कृष्ट व्यक्ति आकर्षण गर्ने
- तालिम दिने
- टिकाउन प्रोत्साहन गर्ने
- मूल्याङ्कनको(विद्यार्थी) तरीकामा सक्षम बनाउने ।

ठूला मान्छे के भन्छन् ? आजको दिनसम्म विश्वका सर्वाधिक शक्तिशाली व्यक्ति बराक ओबामाले शैक्षिक सुधारका देहायका सात ओटा पक्षमा सम्बोधन गर्ने उद्घोषण गरे

- No child left behind (प्रत्येक बालबालिकाको व्यक्तिगत भिन्नताका आधारमा शिक्षण

हुनुपर्छ, कोही पनि आधारभूत तहसम्मको शिक्षाबाट बञ्चित हुनुहुँदैन ।

- बाल विकास तथा पूर्व प्राथमिक शिक्षा- बालकको विद्यालय शिक्षा सुरु हुनु अगावै व्यक्तित्व विकासका लागि विशेष ध्यान दिने ।
- विद्यार्थीको उपलब्धि (achievement) मा विशेष जोड दिने
- प्रविधि, विज्ञान र गणतमा विशेष जोड दिने
- नसक्नेका लागि उच्च शिक्षामा सहयोग जो सक्दैन तर उच्च शिक्षा आर्जन गर्ने इच्छा गर्छ र क्षमता छ ।
- गुण प्रणाली (merit system) लाई उच्च प्राथमिकता दिने विशेष गरी शिक्षकको सन्दर्भमा- गल्ती गर्ने शिक्षकलाई माफी नदिने (no excuse) को अवस्था विकास गर्ने
- विद्यालय छनोट (school choice) विद्यार्थीले विद्यालय छनोट गर्द सामुदायिक विद्यालय छनोट गर्ने गरी public education को quality enhance गर्ने

शिक्षा कै सम्बन्धमा UN पद्धतिमा लामो अनुभव सँगालेका कुल चन्द्र गौतमको भनाइमा तलका दस ओटा क्षेत्रमा सधुार गर्नुपर्छ :

- कमजोर वर्गका लागि शिक्षा सम्बन्धि विशेष व्यवस्थामा
- बाल विकास तथा पूर्व प्राथमिक शिक्षा
- मुलुकको विविधताको सम्बोधन गर्ने गरी शैक्षिक व्यवस्थापन गर्ने
- लाभ ग्राही (beneficiary) को पक्षलाई ध्यान दिएर शैक्षिक व्यवस्थापन गर्ने
- राजनीतिकरणमा रोक (depoliticalization) गर्ने
- शैक्षिक गुणस्तरमा विशेष जोड दिने
- निजी सरकारी साझेदारीमा जोड (PPP) जोड दिने
- विद्यालय शान्ति क्षेत्र बनाउने
- बाल मैत्री शिक्षक सिकायमा जोड दिने

- शिक्षामा समतामूलक पहुँचका प्रयासले असमानता मापन सूचाङ्क (Gini coefficient) घटाउन मद्दत गर्छ। जनि सूचाङ्कमा कम आउछ। मुलुकको आर्थिक वृद्धिमा उल्लेख बढोत्तरी आउछ।
- मातृ मृत्युदर, शिशु र बाल मृत्यु दर, कुपोषण घटाउने जस्ता पक्षमा शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ। शिक्षा आफैँमा स्वस्थ्य जीवनको आधारभूत आवशयकताको पक्ष हो। मानव जीवन बचावटका लागि यो महत्त्वपूर्ण छ।
- जनसङ्ख्या घटाउन र दिगो विकास गर्न शिक्षाले महत्त्वपूर्ण सहयोग गरेको हुन्छ।
- औंला, क्षयरोग, एच आई भी एड्स तथा अन्य भयावह रोग नियन्त्रण गर्न शिक्षाको योगदान महत्त्वपूर्ण छ।

औपचारिक दस्तावेज र प्रतिवेदनमा २०१५ पछि शिक्षाको बारेमा प्रशस्त चर्चा हुने गरेको छ। युनेस्कोवाट प्रकाशित एक प्रतिवेदन (UNESCO, 2012) अनुसार सबैको लागि शिक्षाका अभियान टुङ्गिएको छैन। उपलब्धि निकै भए अझ धेरै बाँकी छ। अवसरमा असमानमा, गुणस्तर, शिक्षक, सिपमूलक शिक्षा, आर्थिक विकास र शिक्षा, विकासको आधार शिक्षा यी पक्षमा थप छलफल आवश्यक छ। त्यसै गरी UNESCO (2013) अनुसार अति गरिब, द्वन्द्वमा परेका, जोखिममा रहेका, इमान्दार र जवाफदेही सरकार जस्ता पक्षमा गहिरिनुपर्छ। सहस्राब्दी विकासका लक्ष्य २०१५ मा भएको उत्साहजनक उपलब्धि कै आधारमा यी विषय क्षेत्रमा प्रवेश गर्नुपर्छ। परिवर्तन र दिगो विकासमा अन्तरराष्ट्रिय सहकार्यले विशेष महत्त्व राख्छ।

युनेस्को समेतको प्रयासमा गरिएको learning metrics सम्बन्धी दास्रो प्रतिवेदन (UNESCO- UIS & CUE) अनुसार विद्यालय गएर धेरै समय बिताएका निकै ठुलो सङ्ख्याका बालबालिकाले सिक्न सकेनन्। २०१५ सम्ममा प्राथमिक तहसम्मकाले आधारभूत सिकाइ गरुन् अर्थात् साधारण लेख, पढ र गणितीय समस्या समाधान गर्न सकून् भन्ने उद्देश्य राखियो। अब सो लक्ष्य निम्न माध्यमिक

तहसम्मका लागि तोकिनुपर्छ । नसिकेको कुरामा केन्द्रित हुनुपर्छ । शिक्षामा पहुँच नभएमा अबका मानिसलाई बाँच्न कठिन छ । कम्तीमा निम्न माध्यमिक विद्यालय तहसम्मको शिक्षा तर समस्या कहाँ देखियो भने कसले, कति, कहाँ, कसरी अवसर पाए र पाएनन् भन्ने कुरा नै थाहा भएन । त्यसैले सिकाइ मापनको आधारमा प्रक्रिया अगाडि पढाउनु पर्छ ।

सिक्ने अवसर र सिकाइको अवस्था मापन गरेर मात्र अगाडि बढ्नुपर्छ । यसका लागि चरणबद्ध काम हुनुपर्छ । पहिलो कुरा, अवसर उपलब्ध गराउन र उपलब्ध भएकालई न्यूनतम वातावरण दिने । यति भएपछि मुलुक र स्थान तथा परिवेसअनुसार सात ओटा क्षेत्रमा बच्चाको सक्षमता विकास गर्ने । दोस्रो ती सक्षमताका विषय हुन शारीरिक तन्दुरुस्ती, सामाजिक र संवेगात्मक विकास, संस्कृति र कला, सिक्ने दृष्टिकोण र अनुभूति, साक्षरता र सञ्चार, सङ्ख्यात्मक कार्य र गणित र विज्ञान र प्रविधि हुन् । तेस्रो, विश्वव्यापि रूपमा कहाँ छौं भनी थाहा पाउन विश्वव्यापी सिकाइका सूचक निर्माण गरी मापन गर्ने र तुलना गर्ने । त्यसैका आधारमा सुधार गर्ने । चौथो, नसक्नेले सक्नेलाई सहयोग गर्ने । पाँचौं, मापन गर्दा समताको पक्षलाई विशेष जोड दिने । छैठौं, मापन गर्ने सूचक, तरिका, मापनका प्राप्ति सबैलाई सार्वजनिक वस्तुका रूपमा प्रस्तुत गर्ने । सातौं, माथिका छ कुरालाई अग्रसारित गरिहल्ने । विलम्ब नगर्ने ।

शिक्षालाई प्रगमिकतामा राख्ने (making education priority) (UNESCO, 2012) प्रतिवेदनअनुसार सिमान्तकृत र जोखिममा परेकाका लागि सन् २०१५ पूर्वको प्रयासले अपेक्षित रूपमा सम्बोधन गर्न सकेन । विद्यालय गुणस्तर र ती माथिका दुई कुरा सम्बोधन गर्न तयार नै देखिएन । विद्यालयको न्यूनतम मापदण्ड (school readiness) चाहियो । सामाजिक, आर्थिक, वातावरणीय विकास र शान्ति तथा सुरक्षाको निम्ति शिक्षा अन्तर सम्बन्धित मुद्दा हो । त्यसैले शिक्षालाई समग्रतामा हेर्नुपर्छ । सन् २०१५ पूर्व हामीले पहुँच र गुणस्तरमा विशेष जोड दिइयो । अब समतामा आधारित पहुँच र गुणस्तर आधार हुनपर्छ ।

Mutumbuka (2014) ले शैक्षिक मुद्दालाई सम्बोधन गर्ने सिकाइका विषय क्षेत्र (learning metrics) धेरैमध्ये एउटा मात्र हो । तथापि सर्वाधिक महत्त्वपूर्ण हो । अफ्रिकाका केही मुलुकमा राष्ट्रिय र मन्त्रिस्तरीय अग्रसरता देखा परेको छ । अफ्रिकाका सङ्गठित संस्थाहरू जागरुक देखिएको छ । यस्ता प्रयासले यस प्रयासलाई अझ तिखार्न मद्दत गर्ने देखिन्छ । आगामी दुई वर्ष यसैमा सिकाइ कार्यसमूह (LMFT) ले काम गर्ने छ । अझ विशिष्टीकृत उपायको खोजी गरी सार्वजनीकरण गर्ने छ ।

कोरियाको एउटा प्रान्तका लागि तयार गरिएको दृष्टिको (Vision) समेतको एउटा किताब (office of education gyeongsangnando, 2013) मा सरल र व्याहारिक उपाय उल्लेख गरिएको छ । शिक्षाले विद्यार्थीलाई सहयोग गर्नुपर्छ । उत्साहित गर्नुपर्छ । कार्य क्षेत्रमा राम्रो काम गर्नेलाई वृद्धि (grow) गराउनुपर्छ । जान्ने भन्दा गर्ने, भविष्यप्रति सधैं आशावादी हुने बनाउने काम शिक्षाको हो । सामूहिक प्रयास आवश्यक पर्छ राम्रो शिक्षाका लागि । विद्यालयमा सबै बच्चा मुस्कुराउने हुनु पर्छ । शैक्षिक प्रशासन सबैले विश्वास गर्ने हुनुपर्छ ।

All Children is School by 2015: Out-of school Children initiative, A presentation paper on launching program अनुसार विश्वमा करिव दुई करोड पचास लाख प्राथमिक तहको उमेर समूहका बालबालिका विद्यालय बाहिर छन् । तीमध्ये करिव ५०% कहिल्यै पनि विद्यालय नगएका छन् । २३% विद्यालय गएर छाडेका छन् भने बाँकी २७ प्रतिशत जति ढिलो (बढी उमेर भए पछि) प्राथमिक तह उमेर समूहका बालबालिका विद्यालयभन्दा बाहिर छन्, तीमध्ये धेरै जसो विद्यालय भर्ना नै नभएका केही भर्ना भएर पढ्न छोडेका केही बढी उमेर समूहकाले पढिरहेका छन् । ती बालबालिकाहरू अधिकांश दुर्गम र अप्ठ्यारी बस्तीमा रहेका, मुस्लिम समुदायका दलित, आदिवासी, जनजाति, सुविधाविहीन, मधेसी सीमान्तकृत र लोपोन्मुख समुदायका छन् । अपाङ्गता भएका, मातृभाषा नेपाली नभएका र

आर्थिक रूपमा कमजोर घरपरिवारका छन् । तथापि कुन कुन समुदाय र घरपरिवारका के कति र कहाँ छन् र किन आएनन् भनी भरपर्दो र यथार्थ मापन (measure) हुन सकेको छैन । यो अवस्था पहिचान गरी स्थान विशेषको पहल गर्ने रणनीति अवलम्बन गर्नुपर्छ । अन्यथा अवस्था उस्तै रहन्छ ।

यो विज्ञान जब संतृप्त अवस्थाको नजिक पुग्छ धुलाउन निकै मिहनत र समय लाग्छ । केही वर्षदेखि नेपालमा प्राथमिक तहमा बालबालिकाको भर्नादरको वृद्धि दरको निकै कम छ । उदाहरणका लागि दशमलवमा भएको छ । शिक्षा विभागको २०६९ को तथ्याङ्क अनुसार ९५.३ थियो भने २०७० को तथ्याङ्क अनुसार ९५.६ भई ०.३ ले मातृ वृद्धि भएको छ तर २०६८ देखि २०६९ मा ९३.७ बाट ९५.३ मा पुगेको थियो ।

युनेस्को (२०१४) : सबैका लागि शिक्षाको विश्वव्यापी प्रतिवेदन २०१३/१४: सबैका लागि गुणस्तर सुनिश्चित गर्न शिक्षण र सिकाइसार सङ्क्षेप प्रतिवेदनअनुसार विश्वभर शिक्षा बालबालिकाको अधिकार भन्यौं । प्रयासहरू भए तर अझै बाँकी रहे । केही विद्यालय नै आएनन् । आएका केहीले वर्षौं वितिसक्दा पनि केही सिकेनन् । केहीले बिचमै छाडे । केही उमेर छिप्पिएपछि मात्र पढ्न आए । आजको युगमा व्यक्तिको भविष्य सुन्दर गराउन, समाजमा सकारात्मक परिवर्तन गर्न, मुलुकको समावेशी विकास गर्न र विश्वव्यापी नागरिक तयार गर्न कम्तीमा आधारभूत तहसम्मका शिक्षा सबैले पाउनु पर्छ । प्रतिबद्धता फेरि गर्नै पर्छ । प्राथमिक तहबाट निम्न माध्यमिक विद्यालय तह सम्मको थप प्रतिबद्धता हुनुपर्छ । सम्बोधन गर्ने धेरै उपाय छन् । तथापि शिक्षक तयारी र शिक्षकको सम्मान प्रमुख कुरा हुनुपर्छ । यसका लागि चार चरणका चार काम गर्नु पर्छ :

१. विद्यार्थीको व्यक्तिगत भिन्नता चिन्ने शिक्षक तयारी गर्नुपर्छ । व्यक्तिगत विविधता चिन्ने र उनीहरूलाई सम्मान गर्ने ।

२. सानो कक्षाका कमजोर विद्यार्थीलाई विशेष सहयोग गर्ने शिक्षक । कमजोर किन भए बुझेर सम्बोधन गर्ने ।

३. जहाँ चुनौती छ त्यहाँ उत्कृष्ट शिक्षक दिनुपर्छ । समतामा आधारित समानता सम्बोधन गर्न सहयोगी हस्तक्षेप वा सहयोगी र गर्ने र केन्द्रीकृत प्रयास पनि आवश्यक पर्छ ।

४. शिक्षकलाई टिकाइ राख्न, सिकिराख्न, विद्यार्थीलाई निरन्तर प्रोत्साहन गरी राख्ने शिक्षकका लागि शिक्षक प्रोत्साहन प्याकेज आवश्यक पर्छ । यस प्रकार शिक्षकको पक्षबाट गुणस्तरीय शिक्षामा जोड दिँदा पहुँच र समानताको पक्ष पनि सम्बोधन हुन्छ ।

**भावी दिशा**

अब २०१५ पछिका लागि चरणगत रणनीतिका आधारमा कार्यक्रम र कार्ययोजना, संस्थागत विकास गरिनुपर्छ । विश्व नागरिक तयार गर्न र अन्य क्षेत्रको विकासलाई दिगो बनाउन शिक्षा चाहिन्छ । त्यसैले सबैका लागि गुणस्तरीय सिकाइ भन्नुपर्ने अवस्था छ । तर अन्तरराष्ट्रिय सहयोगको राशी क्रमशः घट्दो छ । राष्ट्रिय स्रोतका विकल्प देखिएको छैन । स्रोत नबढाइ नहुने छ- त्यसैले वैकल्पिक स्रोतको खोजीमा छलफल अग्रसारित हुनुपर्ने देखिन्छ । सबैका लागि शिक्षाका ६ ओटा लक्ष्यको समीक्षाले सन् २०१५ सम्म विश्वव्यापी रूपमा सबैका लागि शिक्षाका कुनै पनि लक्ष्य पूर्ण रूपमा प्राप्त गर्न सकिने देखिएन । ती लक्ष्यहरू प्राप्त गर्न र सन् २०१५ पछि विकास सम्बन्धी (सहस्राब्दी विकासका लक्ष्य) लक्ष्य प्राप्त गर्न क्षेत्रमा प्रगति हुनुपर्छ । शिक्षामा प्रगति नभई विकासका अन्य लक्ष्य प्राप्त गर्न पनि मुस्किल पर्छ । यसका लागि शिक्षामा बजेट बढाउनुपर्छ । अर्को महत्त्वपूर्ण पक्ष शिक्षकहरूमा अन्तरनिहित क्षमता विकास गर्नुपर्छ ।

शिक्षामा स्रोत बढाउने उपायहरू : विभिन्न हुन सक्छन् , जस्तो कर बढाउने, शिक्षामा लगानी बढाउने, आन्तरिक स्रोत बढाउने, प्रभावशाली पक्षमा कर छुट हुने, कर नतिर्ने, करको दायमा सबैलाई ल्याउन नसक्ने अवस्थाको सम्बोधन गर्न सक्नुपर्छ, प्राकृतिक स्रोतको दोहनमा उच्च राजस्व सङ्कलन गर्ने,

धनीबाट लिई गरिबमा पुऱ्याउने दायित्व सरकारले लिने, बाह्य स्रोत बढाउनु पर्छ। सन् २०११ देखि वाह्य स्रोतमा कमी आएको छ। यो उल्टो गतिलाई सच्चाउन पर्छ र शर्तमा सहायता नलिने।

- बङ्गलादेशमा दुर्गममा खट्ने शिक्षिकालाई प्रोत्साहन प्याकेज सहित सुरक्षित आवासको व्यवस्था गरेको छ।
- भारतका धनी (सबैभन्दा) दुई प्राप्त महाराष्ट्र र गुजरातमा शिक्षक अनुपस्थितिको दर क्रमशः १५ र २७ प्रतिशत थियो भने सबैभन्दा गरिव प्राप्तहरू विहार र झारखण्डमा ३८ र ४२ प्रतिशत थियो।
- पाकिस्तानको निजी विद्यालयका ३६% विद्यार्थीले अङ्ग्रेजीको एक वाक्य पनि पढ्न सकेनन्।
- बङ्गलादेशमा पूर्व प्राथमिक शिक्षाको अनुभव लिएर प्राथमिक तहमा भर्ना भएका पढाइ, लेखाइ तथा मौखिक गणितमा राम्रो गरेको देखिएको छ।

यसका लागि पहिलो कुरा आर्थिक सर्वेक्षण गर्नुपर्छ। पहुँचमा पुऱ्याउन कही स्रोत चाहिने देखिन्छ। त्योभन्दा पहिला के के क्रियाकलाप गर्ने। प्रत्येकका लागि कति स्रोत चाहिने। त्यसैगरी गुणस्तरीय शिक्षा पहल के के गर्ने। त्यसका लागि स्रोत कति आवश्यक पर्ने। स्रोत कहाँ कहाँबाट जुटाउने आदि विषयमा प्रयास गर्न विलम्ब गर्ने हुँदैन। सन् २०१५ पछि कुल ग्रास्थ्य उत्पादनको ६% शिक्षामा लगानी गर्नुपर्छ। त्यसैगरी कुल बजेटको २०% शिक्षा क्षेत्रमा खर्च गर्न पर्छ। मुलुकको आर्थिक वृद्धिदर र गरिवी घटाउने र रोजगारी बढाउने, समाजिक असमानता घटाउने र नैतिकतामा आधारित समाजको विकास समावेशी र जिम्मेवार शासन व्यवस्था, भौतिक पूर्वाधारका उपयुक्त उपयोग, मान अधिकारको प्रवर्धन जस्ता विकासका महत्वपूर्ण क्षेत्रका अपेक्षित प्रगति गर्न शिक्षा चाहिन्छ। त्यसैले सन् २०१५ पछि यो समग्रतालाई विश्लेषण गरेर मात्र शिक्षामा लगानी बढाउनु पर्छ भन्ने आधार मिल्छ।

**निचोड**

बालबालिकाले सिकाउन खोजेको कुरा सिक्न सकेन भने सिकाइप्रति र विद्यालय प्रति नकारात्मक भावनाको विकास हुन्छ। आधारभूत सिकाइ विषयवस्तु सिक्न सकेन भने विद्यालय छाड्ने अवस्थामा पुग्छ। आफू मात्र छाड्दैन साथी पनि बनाउँछ। समुदाय र छिमेकीले समेत यस कुराको नक्कल गर्छन्। यस प्रकार बहुपक्षीय असर पर्छ। त्यसैले घुमाउरो रूपमा सिकाइमा सुधारले पहुँचमा सुधार हुन्छ। कमजोर गुणस्तरीय पठन पाठनले पहुँचमा नकारात्मक प्रभाव पार्छ। गरिब घरपरिवारका बालबालिकाको सिकाइ अवस्था कमजोर छ। सिकाइ उपलब्धि कम छ। गरिबका बच्चालाई विद्यालयमा कस्तो र के व्यवहार गर्ने जसले गर्दा धनीका सरह उपलब्धि देखाउन सक्छन्। स्थान विशेषका प्रयास आवश्यक पर्छ।

समस्याको गम्भीरता कहाँ छ भने ४/५ वर्ष विद्यालयमा बिताइसकेका बालबालिकाले एउटा वाक्य शुद्धसँग पढ्न सक्दैनन्। लेख्न सक्दैनन्। गणित आधारभूत क्रिया गर्न सक्दैनन्। ती धेरै जसो बालबालिका कमजोर आर्थिक अवस्था भएका घरपरिवाका, जोखिममा परेका, आदिवासी, जनजाति, दलित आदि छन्। सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन, २०७० को सार गरिब र कमजोर वर्ग, द्वन्द्व प्रभावित तथा आपतमा परेकालाई पहुँचको पक्षमा र गुणस्तरीय सिकाइमा जोड दिने भनी दुईओटा लक्ष्य भए पुग्ने देखिन्छ।

नेपालको समग्र (Macro) अवस्था हेर्दा ५ वटा गाँठो फुस्काउन पर्ने देखियो। पहिलो राजनीतिक ताकत उपयोग गर्ने। शिक्षामा उच्च राजनीतिक तहमा अर्थपूर्ण छलफल, सहमति भविष्यका बारेमा एउटै प्रतिबद्धतामा सहमति। दोस्रो, स्रोत कम्तीमा राष्ट्रिय बजेटको २०% पुऱ्याउने सरकारी प्रतिबद्धताको कार्यान्वयन। विश्वव्यापी मापदण्ड पनि यस्तै छ। हाम्रो वास्तविकताले पनि यही माग्छ। तेस्रो, व्यवस्थापकीय सुधार अर्थात् सुशासन कायम। चौथो, स्थानीय आपनत्व र प्रयास। स्थानीय तहमा शिक्षालाई दिने महत्त्व र प्रयास। पाँचौं, शिक्षक व्यवस्थापन र विकास एवम् शिक्षण सिकाइ प्रक्रियामा सुधार। सन् २०१५ पछिको शिक्षाको उद्भ्रम (दिमाग चक्कराउने काम) मा संलग्न हुँदाको परिणाम

यो लेख हो । यस प्रकारका धेरै उद्भ्रमले परिवेशलाई मूलप्रवाहीकरण गर्न मद्दत गर्नेछ । विज्ञहरूका अन्य उद्भ्रमको उपलब्धि पढ्न पाइने छ । छलफलमा आउने अपेक्षा छ ।

## सन्दर्भ सामग्री


*All Children is School by 2015 : Out-of school Children initiative, A presentation paper on launching program*

*Asia-Pacific Regional High-Level Expert Meeting: 'Towards EFA and Beyond: Shaping a new Vision for Education' Bangkok, May 2012*

Basic Education Coalition, (2013). *Each Child Learning, Every Student a Graduate: A bold vision for lifelong learning beyond 2015. http://www.basiced.org/2013/01basic-educationcoalition-releases-recommendations-on-global-education-goals*

Bates, E.; Carin, B.; Haee, M. and Lim, W. & Kapila, M. (2012). *Post-2015 Development Agenda: Goals, targets and indicators– Special report. http://www.cigioline.org/sites/default/files/MGD_Post_2015v3.pdf*

Burne, N. & Felsman, C. *Through Results for Development Institute for Overseas Development Institute (August, 2012). Post-2015 education MDGs, Overseas Development Institute.*

Mutumbuka, D. (Chair of the Association Education Development in Africa (ADEA) (2014). *There's no one-size-fit-all approach to improve learning: Reelections on the Learning Metrics Task Force (LMTF) and the way forward.*

Office of Education Gyeongsangnando (2013). *Gyeongnam education. Gyeongsangnamdo: Author*

युनेस्को (२०१४) । **सबैको लागि शिक्षाको विश्वव्यापी प्रतिवेदन २०१३/१४ । सबैको लागि गुणस्तर सुनिश्चित गर्न शिक्षण र सिकाइसार सङ्क्षेप प्रतिवेदन ।** युनेस्को : फन्टोनोइ

UNESCO Institute for Statistics (UIS) and the Center for Universal Education (CUE) at the Brookings Institution (February, 2013). *Toward Universal Learning: What Every Child Should Learn, a summary report of Learning Metrics Task Force, www.brookings.edu/learningmetrics.*

UNESCO Institute for Statistics (UIS) and the Center for Universal Education (CUE) at the Brookings Institution (July, 2013). *Toward Universal Learning: A Global Framework for Measuring Learning, a summary report of Learning Metrics Task Force.*

UNESCO Institute for Statistics (UIS) and the Center for Universal Education (CUE) at the Brookings Institution (September, 2013). *Toward Universal Learning: Recommendations from the Learning Metrics Task Force, a summary report of Learning Metrics Task Force.*